नेपाल सरकार
शहरी विकास मन्त्रालय
# सहरी विकास तथा भवन निर्माण विभाग
अनुगमन शाखा

फोन नं. ४२६२३६५, ४२६२४६६, ४२६२३६७, ४२६२९४५, ४२१६८८४
फ्याक्स नं. ४२६२४३९
बबरमहल, काठमाडौं

पत्र संख्या : ०७३/७४
प्राप्त पत्र संख्या:-
चलानी नं.: २९

मिति : २०७४/०२/०३

श्री डिभिजन कार्यालयहरु
उदयपुर, सप्तरी, धनकुटा, मोरङ, इलाम र सिन्धुली ।

**विषय : निर्देशनहरु कार्यान्वयन गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा सहरी विकास मन्त्रालय एवं यस विभागको निर्णयानुसार उपमहानिर्देशक श्री रामचन्द्र दंगालज्यूको संयोजकत्वमा गठित अनुगमन टोलीले मिति २०७४/०१/१६ गतेदेखि मिति २०७४/०१/२० गतेसम्म डिभिजन कार्यालयहरु उदयपुर, सप्तरी, धनकुटा, मोरङ, इलाम र सिन्धुलीको स्थलगत अनुगमन गर्दा देखिएका समस्याहरुको सम्बन्धमा दिएका निर्देशन तथा सुझावहरुलाई एकीकृत गरी यसैसाथ संलग्न राखी पठाइएको छ । उक्त निर्देशन तथा सुझावहरुलाई तुरुन्त कार्यान्वयन गरी सोको प्रगतिको अवस्था मासिकरुपमा यस शाखामा पठाउनु हुन निर्देशानुसार अनुरोध छ ।

.................................
(लोक बहादुर खत्री)
वरिष्ठ तथ्याङ्क शास्त्री

बोधार्थ :

श्री सहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।

श्रीमान् महानिर्देशकज्यू, सहरी विकास तथा भवन निर्माण विभाग ।

श्री उपमहानिर्देशकज्यू, आवास महाशाखा, सहरी विकास तथा भवन निर्माण विभाग ।

श्री ई-विडिङ इकाई, सहरी विकास तथा भवन निर्माण विभाग : यसैसाथ संलग्न ६ पाने निर्देशन तथा सुझावहरुलाई विभागको वेवसाइट www.dudbc.gov.np मा राखी दिनु हुन अनुरोध छ ।

नेपाल सरकार

सहरी विकास मन्त्रालय

सहरी विकास तथा भवन निर्माण विभाग

# अनुगमन टोली नं १ ले दिएका निर्देशन तथा सुझावहरु

## (सम्बन्धित डिभिजनहरु - उदयपुर, सप्तरी, धनकुटा, मोरङ, इलाम र सिन्धुली)

## २०७३/७४

| क्र सं | अनुगमन कर्ता / टोली | डिभिजन / जिल्ला | अनुगमन मिति | अनुगमनको क्रममा देखिएका मुख्य समस्याहरु तथा विद्यमान अवस्था | अनुगमन कर्ता / टोलीले दिएका निर्देशन तथा सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उपमहानिर्देशक रामचन्द्र दंगाल,<br>सि.डि.ई. सुमन सालिके र<br>सि.डि.ई. सुरोज पौडेल | उदयपुर | २०७४।०१।१६ | १. स्वीकृत दरबन्दी ठीक छ । दरबन्दीको तुलनामा ईन्जिनियर १ जना, सब ईन्जिनियर २ जना र असिसटेन्ट सब ईन्जिनियर ४ जना रिक्त रहेको ।<br>२. रिक्त दरबन्दी पदपूर्तिको लागि लोक सेवा आयोगमा लेखी पठाइएको ।<br>३. अभिलेख व्यवस्थापन निर्दिष्ट तरिकाले गरिएको र सो को स्थति अद्यावधिक रहेको छ ।<br>४. सरकारी सम्पतिको दुरुस्त तवरले आम्दानी बाँधी श्रेस्ता राखिएको छ । जिम्मेवारी सार्ने र खर्चको अभिलेख राख्ने कार्य नियमानुसार भएको छ ।<br>५. जिन्सि निरीक्षण नियमित रुपमा गरिएको छ । अनावश्यक सरकारी कागजात धुल्याउने र लिलाम गर्नुपर्ने सामानहरु लिलाम गरिएको छ ।<br>६. पेश्की र बेरुजु फर्छ्यौटको प्रकृया अघि बढिसकेको छ ।<br>७. कार्यक्रमहरु मध्ये १८३ को १ वटा, १९२ को १ वटा र १८६ को १ वटा संशोधन गर्नुपर्ने देखिएको । अन्यको प्रगति सन्तोषजनक रहेको ।<br>८. उजुरी पेटिका राखिएको छ । जिविसको नेतृत्वमा भएको सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी भएको | **डि.का. उदयपुरलाई दिइएका निर्देशनहरु :**<br>१. करारमा विभागबाट खटाइएका कर्मचारीहरुलाई प्रभावकारी रुपमा परिचालन गर्ने र कर्मचारी परिचालित नभएमा करार सम्झौता रद्ध गरी सो को जानकारी विभागमा पठाउने ।<br>२. गुणस्तर नियन्त्रण गर्ने विषयमा सन्तोषजनक अवस्था पाइयो । निर्माण कार्यको गुणस्तर अझ राम्रो बनाउन व्यवस्थापकीय पक्ष अझ प्रभावकारी बनाउने ।<br>३. जनता आवासको लाभग्राही छनौटको बैठक शिघ्रातिशीघ्र राखी छनौटको निर्णय पश्चात सम्पूण जनशक्ति परिचालन गरी कार्य प्रगति हासिल गर्ने व्यवस्था मिलाउने । | |

| क्र सं | अनुगमन कर्ता / टोली | डिभिजन / जिल्ला | अनुगमन मिति | अनुगमनको क्रममा देखिएका मुख्य समस्याहरु तथा विद्यमान अवस्था | अनुगमन कर्ता / टोलीले दिएका निर्देशन तथा सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | ।<br>९. हरेक महिनामा कर्मचारीको नियमित बैठक हुने गरेको ।<br>१०. कार्यालयले सेवा प्रदान गर्दा पारदर्शिता मितव्ययिता कार्यदक्षता र प्रभावकारिता बढाउने प्रयास गरेको पाइयो । | | |
| | | सप्तरी | २०७४।०१।१६ | १. जनता आवास कार्यक्रमतर्फ सप्तरीको स्कोरिङ भैरहेको । स्कोरिङ कार्य एक हप्तामा सम्पन्न भै समन्वय समितिको बैठक समेत बस्ने अवस्था रहेको ।<br><br>सिरहाको स्कोरिङ गर्ने कार्य एक हप्ता पछि शुरु हुने र सो हप्ताको अन्तमा जिल्ला समन्वय समितिको बैठक बस्ने स्थिति रहेको ।<br><br>२. सघन सहरी अन्तर्गतका सिरहा नगरपालिकाका कार्यक्रमहरुको ईस्टिमेटमा विभागबाट प्राप्त सुझाव अनुसार करेक्सन गरी एक हप्ता भित्रै पठाइसक्ने ।<br><br>३. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको त्रुटी सच्चाउने कार्यको लागि विभागबाट सो कार्यको निकासा प्राप्त भै कार्य शुरु हुने बित्तिकै सच्चाउने । | **डि.का.सप्तरीलाई दिइएका निर्देशनहरु :**<br><br>१. जनता आवास कार्यक्रम, सघन सहरी अन्तर्गतका कार्यक्रमहरु र अन्य वार्षिक कार्यक्रमहरु तोकिएको समय भित्रै सम्पन्न गर्ने ।<br>२. जिल्ला प्रशासन कार्यालयको आवास भवनको निर्माण कार्यको हालसम्मका सबै विवरणहरु समावेश गरी आवश्यक निर्णयार्थ विभागको आवास महाशाखामा पठाउने ।<br>३. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको त्रुटी सच्चाउने कार्यको लागि विभागबाट सो कार्यको निकासा प्राप्त भै कार्य शुरु हुने बित्तिकै सच्चाउने । | |

| क्र सं | अनुगमन कर्ता / टोली | डिभिजन / जिल्ला | अनुगमन मिति | अनुगमनको क्रममा देखिएका मुख्य समस्याहरु तथा विद्यमान अवस्था | अनुगमन कर्ता / टोलीले दिएका निर्देशन तथा सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | धनकुटा | २०७४।०१।१८ | १. संगठन स्वरुप दरबन्दीको पदपूर्ति र रिक्त अवस्था : रिक्त ईन्जिनियर ४ जना, सि.सर्भेयर १, सब ईन्जिनियर १ जना, का.स. ३ जना, मालि १ जना, ह.स.चा. १ जना र लेखा अधिकृत १ जना रिक्त रहेको ।<br>२. अधिकार प्रत्यायोजनको अवस्था : कार्यविवरण अनुसार काम गर्न लगाइएको ।<br>३. अभिलेख व्यवस्थापनको अवस्था : डि का र न वि स को सम्पत्तिको अभलेख रहेको ।<br>४. जिन्सी निरीक्षण तथा सरकारी सम्पत्तीको आम्दानी सम्बन्धी विवरण : जिन्सी निरीक्षण प्रतिवेदन तयार भएको । गत आ व मा लिलाम गरिएको । यस आ व मा पनि लिलामको तयारी भएको ।<br>५. पेश्की तथा बेरुजुको स्थिति : रु १५६३९६००।- को सम्परीक्षणको लागि पेश भएको । जम्मा बेरुजु रु ७२०९९९८१।- रहेको ।<br>६. कार्यक्रम कार्यान्वयनको अवस्था : दोस्रो चौमासिक सम्मको प्रगति - ३४७०२० को २६ प्रतिशत, ३४७१८३ को ४१.९ प्रतिशत, ३४७१८६ को ६५ प्रतिशत, र ३४७१९२ को ६० प्रतिशत रहेको ।<br>७. सूचना अधिकारी तोकिएको । स्वत: प्रकाशन भएको ।<br>८. स्टाफ मिटिङ र निर्णय कार्यान्वयन : मिति २०७३।१२।०७ गते स्टाफ मिटिङ बसेको र निर्णय कार्यान्वयन सन्तोषजनक रहेको ।<br>९. अघिल्लो निरीक्षण तथा अनुगमनको सुझाव कार्यान्वयनको अवस्था : सुझाव कार्यान्वयनको पहल | **डि.का.धनकुटालाई दिइएका निर्देशनहरु :**<br>१. लक्ष्य अनुसार प्रगति हासिल गर्न थप क्रियाशील हुनुपर्ने ।<br>२. दरबन्दी मध्ये रिक्त पद धेरै रहेकोले कार्यसम्पादनमा कठिनाइ भएता पनि प्राप्त जनशक्तिलाई प्रभावकारी रुपमा परिचालन गरी थप क्रियाशील हुनुपर्ने ।<br>३. बेरुजु फर्छ्यौटको लागि थप पहल गर्नुपर्ने ।<br>४. स्वास्थ्य भवन तर्फका भवनहरुको प्रगति हासिल गर्न र सिक प्रोजेक्टको समस्या समाधानका लागि निरन्तर प्रयास गर्नुपर्ने । | |

| क्र सं | अनुगमन कर्ता /टोली | डिभिजन / जिल्ला | अनुगमन मिति | अनुगमनको क्रममा देखिएका मुख्य समस्याहरु तथा विद्यमान अवस्था | अनुगमन कर्ता /टोलीले दिएका निर्देशन तथा सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भैरहेको । | | |
| | | मोरङ | २०७४।०१।१७ | १. आवास व्यवस्था कार्यक्रममा जनता आवासको प्रगति हालसम्म उत्कृष्ट हिसाबले हासिल भैरहेको ।<br>२. बेरुजुतर्फ हालसम्म ४०.१८ प्रतिशत प्रगति भएको । | **डि.का.मोरङलाई दिइएका निर्देशनहरु :**<br>१. आवास व्यवस्था कार्यक्रममा आवश्यक पर्ने रकम एकिन गरी विभागसँग थप रकम माग गरी पठाउने ।<br>२. एकिकृत पुर्वाधार विकास गर्नुपर्ने जनता आवासको निर्माण भएको क्षेत्रमा सामाजिक पुर्वाधारको माग सम्बोधन गर्न विभागमा पत्राचार गर्ने ।<br>३. बेरुजुतर्फ कम्तिमा ६० प्रतिशत फर्छयौट गर्न आवश्यक पहल गरी सम्परीक्षण गराउने । असुल उपर गर्नुपर्ने बेरुजुमा विशेष पहल गर्ने ।<br>४. सघन सहरी विकास कार्यक्रम अन्तर्गत विराटनगर र इनरुवामा संचालन हुने कार्यक्रमको मोविलाइजेसन पेश्की र निर्माणतर्फको भौतिक प्रगति हासिल हुने गरी तयारीमा जुटने । सघन सहरी विकास कार्यक्रमतर्फको लक्ष्य हासिल गर्न थप क्रियाशील हुने ।<br>५. स्वास्थ्य भवन तर्फ कार्य प्रगतिको आधारमा यस आ.व.मा थप बजेट मागको विवरण तथा कार्यक्रम संशोधन स्वीकृतिको लागि विभागमा पेश गर्ने । | |

| क्र सं | अनुगमन कर्ता / टोली | डिभिजन / जिल्ला | अनुगमन मिति | अनुगमनको क्रममा देखिएका मुख्य समस्याहरु तथा विद्यमान अवस्था | अनुगमन कर्ता / टोलीले दिएका निर्देशन तथा सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | इलाम | २०७४।०१।१९ | १. डिभिजनको संगठन स्वरुप दरबन्दीको पदपूर्ति र रिक्त अवस्था : ईन्जिनियर ४ जना र सबईन्जिनियर १ जना रिक्त रहेको । विभागबाट करारमा नियुक्त गरी ४ जना ईन्जिनियर, ६ जना सबईन्जिनियर र १ जना असिसटेन्ट सबईन्जिनियर पठाइएको । डिभिजनबाटै ३ जना ईन्जिनियर र १ जना सबईन्जिनियर करारमा राखिएको । हाल उपलब्ध जनशक्तिलाई प्रभावकारी परिचालन गरी कार्यसम्पादन भएको ।<br>२. पेश्की तथा बेरुजुको स्थिति : कायम बेरुजुको ३० प्रतिशत फर्छयौट भैसकेको ।<br>३. सरकारी सम्पतिकव अभिलेख र जिन्सी निरिक्षण सम्बन्धमा :<br>अभिलेख दुरुस्त रहेको । जिन्सी निरीक्षण साउनमै भएको । लिलाम गत आवमा भएको ।<br>४. सुशासन कायम गर्ने सम्बन्धमा : सूचना अधिकारी तोकिएको ।<br>५. स्टाफ मिटिङ र निर्णय कार्यान्वयन : समय समयमा स्टाफ मिटिङ बस्ने गरेको र निर्णय कार्यान्वयन भैरहेको ।<br>६. अघिल्लो निरीक्षण तथा अनुगमनको सुझाव कार्यान्वयनको अवस्था : निर्देशन बमोजिम निर्णय कार्यान्वयन भैरहेको । | डिभिजन कार्यालयको क्षेत्राधिकार र कार्यबोझ अनुसार दरबन्दी नपुग भएकोले पुनरावलोकन हुनुपर्ने ।<br>**<u>डि.का. इलामलाई दिइएका निर्देशनहरु :</u>**<br>१. लक्ष्य अनुसार बेरुजुको प्रगति हासिल गर्न समयमानै प्रयास गरी कागजात पेश गरी सम्परीक्षण गराउने ।<br>२. आवास व्यवस्था कार्यक्रममा सम्झौता गर्ने कार्यलाई तीव्रता दिई लक्ष्य हासिल गर्ने र बजेट नपुग हुने भएमा सो को विवरण विभागमा पठाउने ।<br>३. ३४७१८६ को खरिद प्रकृयामा मूल्यांकन चरणमा तीव्रता अझ बढाई सम्झौता समयमै गरी मोविलाइजेसन र निर्माण कार्य समेतको विल भुक्तानी गरी लक्ष्य हासिल गर्ने ।<br>४. स्रोत फुकुवा प्राप्त भएपछि ३४७१९० को कार्य प्रगति बढाएर लक्ष्य हासिल गर्ने ।<br>५. विभिन्न व.उ.शी.नं. अन्तर्गत संचालित कार्यक्रममा साइटको अवस्था अनुसार शुरुमा छुट भएका आइटम राखनु पर्ने भएमा नियमानुसार भेरिएसनको प्रकृया अगाडी बढाई निर्माण कार्यमा निरन्तरता ल्याउन विभागमा फाइल पेश गर्नुपर्ने । | |

| क्र सं | अनुगमन कर्ता / टोली | डिभिजन / जिल्ला | अनुगमन मिति | अनुगमनको क्रममा देखिएका मुख्य समस्याहरु तथा विद्यमान अवस्था | अनुगमन कर्ता / टोलीले दिएका निर्देशन तथा सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | सिन्धुली | २०७४।०१।२० | १. डिभिजन कार्यालय सिन्धुलीको निरीक्षण गरिएको । | **<u>डि.का.सिन्धुलीलाई दिइएका निर्देशनहरु :</u>**<br>१. भवन निर्माण कार्यको ड्रइङ डिजाइन अनुसार निर्माण कार्य गर्ने र केही परिवर्तन गर्नुपर्ने भएमा सम्बन्धित अधिकारीबाट स्वीकृत गरी गराई काममा लगाउने व्यवस्था गर्ने ।<br>२. भवन तथा अन्य निर्माण कार्य गर्दा स्पेशिफिकेसन बमोजिम निर्माण कार्यको गुणस्तर कायम गर्न साइट सुपरिवेक्षण गर्ने कार्य प्रभावकारी रुपमा हुने व्यवस्था मिलाउने ।<br>३. डिएलपिआईयू तर्फका करारका कर्मचारी र डिभिजन कार्यालय तर्फका कर्मचारीहरुलाई प्रभावकारीरुपमा परिचालन गरी लक्ष्य प्राप्तिमा लगाउने । | |